फोन नं.०८६-४२००५२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
प्यूठान ।

pmamp.piu.pyuthan@gmail.c
web:piupyuthan.pmamp.gov.

प.सः २०८०/०८१ प्रथम पटक प्रकाशित मिति: २०८१/०१/२७

च.नः

## माटो परीक्षण शिविर संचालन सम्बन्धि सूचना ।

यस परियोजना कार्यान्वयन एकाईको आ.व २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार माटो परीक्षण गराउने कार्यक्रम रहेको हुदा इच्छुक कृषक वर्गहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्रमा तल दिएको अनुसार माटोको नमुना लिने तरिका अपनाई माटोको नमुना संकलन गरी यस परियोजना कार्यान्वयन एकाईमा नमुना सहित सम्पर्क गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ, साथै माटो परीक्षण निशुल्क रुपमा गरिने छ । माटोको नमुना तपशिल बमोजिम विवरण खुल्ने गरी बुझाउनुपर्ने छ ।

<u>तपशिल</u>

१.कृषकको नाम:

२.ठेगाना :

३.फोन नं.:

४.माटोको नमुना लिएको जमिनको क्षेत्रफल :

५.अघिल्लो बाली :

६.अब लगाउने बाली :

<u>माटोको नमुना लिदा तपशिल बमोजिम पक्षमा ध्यान दिनुपर्ने छ</u>

- आफ्नो जग्गाको सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी (अंग्रेजि अंक V,W,X,M,S लाई आधार बनाएर) कम्तिमा १ रोपनिको क्षेत्रफल बाट (७-८) ठाउँ बाट १५-२० से.मि गहिरो (तरकारी र खाद्यान्न बालीका लागि) र ३ फिट (फलफुल खेतिका लागि) **V** आकारमा खनेर **V** आकारको दुबै तर्फबाट माथिबाट तलसम्मको २ से.मि तह माटो निकाल्ने । माटो चिसो भएमा छायामा ओभाउने । नमुना संकलन गर्दा बालि भएको जमिन तथा तत्काल कुनै मल प्रयोग नगरिएको हुनुपर्नेछ।
- ओभाएको सम्पुर्ण माटोलाई एउटा सफा भाडोमा राखि अनाबश्यक झारपात, माटो बाहेकका सम्पुर्ण बस्तुहरु हटाई राम्रो संग माटोलाई मोल्ने र समान रुपमा ४ भाग लगाई २ भाग हटाउने। सोहि प्रक्रियामा माटो लाई हटाउदै करिब आधा के.जि को नमुना बनाउने ।
- उक्त नमुनालाई सफा प्लास्टिकमा राखि कागजमा नभिज्ने माथि उल्लेख गरिएका विबरणहरु प्रष्ट बुझने गरि लेखि पठाउन सम्पुर्ण कृषकहरुलाई अनुरोध गरिन्छ ।

थप जानकारीको लागि
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई प्यूठान ।

सम्पर्कको लागि
९८६७८२४९३१ (जयन्ती मल्ल, कृषि अधिकृत)
९८४४९२०२७५ (बिपिन खड्का, ना.प्रा.स)
९८६७७७५४३२ (ममता थापा, ना.प्रा.स)

पुमान सिंह गिरी
कार्यालय प्रमुख